# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १७ गते २०२२ साल

### श्री ५ को सरकार

### रक्षा–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको शाही सेनाका बेकम्मा वा बेचल्तीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

शाही सेनाका विभिन्न फर्मेशन, युनिट, सब–युनिट र डिपोहरूमा हात–हतियार, खर-खजाना र कन्ट्रोल ष्टोर बाहेक अरू सरकारी सामानहरू बेकम्मा वा बेचल्ती हुन गएमा सो सामानहरूको सम्बन्धमा उचित्त व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सेनाको बेकम्मा वा बेचल्तीका सामानहरू हटाउने (व्यवस्था) नियमहरू, २०२२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. बेकम्मा ठहऱ्याउने समितिको गठनः– (१) सरकारी सामानहरू बेकम्मा वा बेचल्ती हुन गएमा सो सामानहरू र सम्बन्धित सबै विवरण जांच–बुझ गर्नाका लागि विभिन्न समितिहरू गठन गरिएको छ । प्रत्येक समितिले आफ्नो समक्ष तयार गरी पेश भएका सामानहरू र विवरणहरू मात्र जांच–बुझ गरी आफ्नो ठहर पेश गर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।